# समावेशी शिक्षाबारे केही भ्रम र यथार्थ

INCLUSIVE EDUCATION NEPAL

# समावेशी शिक्षाबारे केही भ्रम र यथार्थ

---


*लेखन :*
रामकान्त तिवारी र लक्ष्मी लुइटेल



*प्रकाशन वर्ष :*
२०२५

*प्रकाशक :*
इनक्लुसिभ एजुकेशन नेपाल

*ठेगाना :*
गहनापोखरी, काठमाडौं, नेपाल
टेलिफोन: +९७७ १४५०००६३
इमेल: programs@inclusiveeducationnepal.org
वेबसाइट: www.inclusiveeducationnepal.org

# पृष्ठभूमि

---

समावेशी शिक्षा आज नेपाल लगायत विश्वभर शिक्षामा निकै धेरै छलफल गरिएको तर प्रायः गलत बुझिएको अवधारणामध्ये एक हो । यो प्रायः एकीकृत शिक्षा, विशेष शिक्षा, वा अपाङ्गता भएका बालबालिकाहरूलाई भर्ना गर्ने र कक्षाकोठामा पुर्‍याउनेसँग मात्र जोडिन पुग्छ । यस्ता बुझाईहरूले धेरै मिथकहरूलाई जन्म दिएका छन् जसले शिक्षकहरूले कसरी पढाउँछन्, नीति निर्माताहरूले कसरी योजना बनाउँछन् र समुदायहरूले समावेशीकरणको विचारलाई कसरी बुझ्छन् भन्ने कुरालाई प्रत्यक्ष प्रभाव पार्दछन् । यसबाट अगाडि बढ्नको लागि हामीले सर्वप्रथम समावेशीताको वास्तविक अर्थ के हो र के होइन भनेर स्पष्ट पार्नु पर्छ ।

ईन्क्लुसिभ एजुकेशन नेपालको यो पुस्तिकाले समावेशी शिक्षासँग जोडिएका प्रचलित भ्रम वा मिथकहरूलाई उजागर गर्न र विश्वव्यापी मापदण्ड, स्थानीय अभ्यास र विद्यालय-स्तरका अनुभवहरूबाट लिइएका यथार्थलाई बाहिर ल्याउन खोजेको छ । यसले "समावेशी शिक्षाले शैक्षिक स्तर घटाउँछ" वा "यो केवल अपाङ्गता भएका बालबालिकाहरूको लागि हो"

भन्ने जस्ता भ्रमहरूले कसरी शिक्षाको समग्र प्रगतिलाई पछाडि राखेको छ र यसबारेमा के गर्न सकिन्छ भन्ने देखाएको छ ।

ईन्क्लुसिभ एजुकेशन नेपालमा हामी विश्वास गर्छौं कि समावेशीता केवल शिक्षाको कुनै नीति मात्र होइन । यो त हाम्रो जीवनको पनि सिद्धान्त हो ताकी प्रत्येक सिकारुलाई हामी सम्मान पनि गरौँ र उनीहरूका सम्भावना पनि देखौँ ।

यस पुस्तिका मार्फत  हामी शिक्षक  नीति निर्माता र समुदायहरूलाई समावेशी शिक्षाको सन्दर्भमा गलत धारणाभन्दा बाहिर जान र न्याय, समानता र रूपान्तरणको मार्गको रूपमा समावेशी शिक्षाको शक्तिलाई पुन: स्थापना गर्न आमन्त्रित गर्दछौं ।

ईन्क्लुसिभ एजुकेशन नेपाल<br>काठमाडौं, नेपाल

## १ समावेशी शिक्षा भनेको केवल अपाङ्गता भएका विद्यार्थीका लागि हो ।

धेरैलाई लाग्छ कि समावेशी शिक्षा भन्नासाथ शारीरिक वा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई मात्रै ध्यान दिनु हो । तर वास्तवमा यो सबै प्रकारका विविधता (जातीय, भाषिक, लैङ्गिक, सामाजिक, आर्थिक, आदि) लाई समेट्ने अवधारणा हो । चाहे उनीहरू अपाङ्गता भएका हुन् वा आर्थिक रूपमा कमजोर वा ग्रामीण/शहरी भेगका हुन् वा कुनै भाषा वा जातीय पृष्ठभूमि फरक भएका हुन्, हरेक बालबालिकाले समान गुणस्तरीय शिक्षा पाउने अधिकार राख्छन् ।

वास्तवमा समावेशी शिक्षा भनेको सबै किसिमका बालबालिकालाई एउटै सिकाइको वातावरणमा सिक्ने अवसर दिने अवधारणा हो । संयुक्त राष्ट्रसंघीय शिक्षा निकाय युनेस्कोको सन् १९९४ को सालामाङ्का घोषणापत्रले समावेशी शिक्षा सबै बालबालिकाको अधिकार हो भनेको छ जसमा अपाङ्गता भएका मात्र नभई सीमान्तकृत समुदाय, गरिबीमा रहेका, भाषा वा सांस्कृतिक भिन्नता भएका बालबालिकासमेत पर्छन् । संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी निकाय युनिसेफको प्रतिवेदन अनुसार विश्वमा करिब २५ करोड बालबालिका अझै पनि विद्यालयबाहिर छन् जसमा अपाङ्गता भएका मात्र नभई गरिबी, भेदभाव, लैङ्गिक असमानता र

विविध अवस्थाका बालबालिका पनि पर्छन् ।[१] यी सबैलाई शिक्षा दिने अवधारणा नै समावेशी शिक्षा हो ।

समावेशी शिक्षा कुनै विशेष कार्यक्रम नभई प्रत्येक बालबालिकाको मौलिक अधिकार हो । नेपालको संविधान २०७२ को धारा ३१ ले सबै बालबालिकालाई शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । विशेष गरी अपाङ्गता भएका बालबालिकाको हकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, शिक्षा ऐन २०२८ र राष्ट्रिय शिक्षा नीति २०७८ ले गुणस्तरीय र समावेशी शिक्षा उपलब्ध गराउने कानुनी व्यवस्था गरेको छ । यसले के पनि देखाउँछ भने समावेशी शिक्षा नेपालको कानुनी ढाँचामा नै मान्यता प्राप्त अधिकार हो ।

---

## २ समावेशी शिक्षा अत्यन्त खर्चिलो हुन्छ ।

---

कतिपयलाई लाग्छ कि समावेशी शिक्षा शुरु र कार्यान्वयन गर्न विद्यालयमा ठूलो लगानी, विशेष उपकरण वा पूर्वाधार चाहिन्छ । तर वास्तवमा धेरैजसो समावेशी अभ्यासहरु विद्यालयमा

---

[१] हेर्नुहोस् युनिसेफको Inclusive Education सम्बन्धी यो प्रकाशन: https://www.unicef.org/education/inclusive-education. समावेशी शिक्षाको सन्दर्भमा अपाङ्गता भएका बालबालिकाको आवश्यकता बढी हुन्छ जसले गर्दा समताको दृष्टिकोणले उनीहरूको समावेशीता अहम् हुन्छ । तर समावेशी शिक्षा सिद्धान्तत: सबै बालबालिकाको समावेशीताको विषय हो ।

पहिले नै भएका स्रोत प्रयोग गरेर र भएका स्रोतसाधनलाई बहुउपयोगीयुक्त बनाएर सबै खालका विद्यार्थीको आवश्यकता पूरा गर्न सकिन्छ ।

सहजै गर्न सकिने व्यवस्थापकीय परिवर्तन र शिक्षण शैलीमा लचकताले पनि समावेशी शिक्षाको वातावरण बनाउन सकिन्छ । उदाहरणका लागि एउटा शिक्षकले सबै विद्यार्थीलाई समेट्ने गरी अध्यापन शैली विकास गरेमा छुट्टै कक्षाको आवश्यकता पर्दैन । सबैका लागि सहज हुने कक्षाकोठा बनाउँदा अपाङ्गता भएका विद्यार्थीलाई मात्र होइन सबै विद्यार्थीलाई फाइदा हुन्छ । त्यसैगरी पहूँचयुक्त शौचालय बनाउँदा सबै विद्यार्थीलाई सहज हुन्छ । त्यसैले समावेशी शिक्षा भनेको महँगो उपकरण किन्ने मात्र होइन, शिक्षकको दृष्टिकोण र शिक्षण शैली बदल्दा खर्चभन्दा बढी प्रभावकारिता बढ्छ ।

अर्कोतर्फ, छुट्टै विशेष विद्यालयहरू चलाउन छुट्टै शिक्षक, भवन, यातायात, सामग्री र व्यवस्थापन चाहिन्छ, जुन राज्य वा संस्थाका लागि दीर्घकालीन रूपमा टिकाउ पनि हुँदैन । त्यसको सट्टा एउटै विद्यालयमा सबैलाई समेटेर शिक्षादिने व्यवस्था गर्नु सस्तो मात्र होइन न्यायसंगत पनि हुन्छ ।

संयुक्त राष्ट्रसंघीय निकाय युनेस्को र विश्व बैंकका विभिन्न अध्ययनहरूले पनि देखाएका छन् कि समावेशी शिक्षा

दीर्घकालीन रूपमा दिगो पनि हुन्छ ।[२] फिनल्याण्ड, क्यानाडा, पोर्चुगलजस्ता देशहरूले समावेशी शिक्षा सफल रूपमा कार्यान्वयन गरेका छन् र अतिरिक्त खर्च भएको देखिएको छैन ।

## ३ समावेशी शिक्षाले समग्र सिकाइको स्तर घटाउने काम गर्छ ।

कतिपय शिक्षक वा अभिभावकलाई लाग्छ कि अपाङ्गता भएका वा सिकाइमा कठिनाई भएका विद्यार्थीलाई एउटै कक्षामा राख्दा त्यसले कक्षामा भएका अन्य उत्कृष्ट विद्यार्थीहरूको सिकाइ क्षमतामा असर पार्दछ । यो धारणा अनुसार सिकाइमा कठिनाई भएका विद्यार्थीहरूलाई एउटै कक्षामा राख्दा उत्कृष्ट विद्यार्थीहरूको ध्यान भङ्ग हुन्छ र यसले गर्दा उनीहरूको शैक्षिक क्षमता घट्छ भन्ने भय हुन्छ ।

तर यसबारेमा भएका अनुसन्धानहरूले देखाउँछ कि विविध क्षमताका विद्यार्थीबीचको सहकार्यले सबैको सामाजिक,

---

[२] हेर्नुहोस् Organisation for Economic Co-operation and Development को प्रतिवेदन: The Social and Economic Rationale of Inclusive Education । स्रोत: https://www.oecd.org/en/publications/the-social-and-economic-rationale-of-inclusive-education_bff7a85d-en.html

भावनात्मक र शैक्षिक प्रगतिमा टेवा पुग्छ ।[३] समावेशी शिक्षा लागू गर्दा शिक्षकहरूले फरक-फरक तरिकाले पढाउन सिक्छन्, जसले सबै विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्न मद्दत गर्छ । उदाहरणको लागि शिक्षणको निम्ति प्रविधिको प्रयोग हुँदा यसले सबै विद्यार्थीलाई फाइदा दिन्छ र सबैको शिक्षण–सिकाइलाई अझ प्रभावकारी बनाउँछ । सिकाइमा कठिनता वा न्यूनदृष्टि भएका विद्यार्थीलाई बनाइएका चित्र वा सिकाइ सामग्रीले भाषा कमजोर भएका बालबालिकालाई पनि सहयोग गर्दछ । त्यसैगरी ह्वीलचेयर प्रयोग गर्नेका लागि बनाइएका र्‍याम्प सबै विद्यार्थी र अभिभावकका लागि उपयोगी हुन्छन् ।

समावेशी कक्षामा अध्ययन गर्ने बालबालिकाहरू सामाजिक कौशल, सहकार्य र दीर्घकालीन सिकाइमा सामान्य कक्षाभन्दा अझ राम्रो प्रदर्शन गर्छन् र यसबाट गुणस्तर घट्ने होइन, अझै बढ्न सक्छ । युनेस्कोको एक अध्ययन अनुसार समावेशी शिक्षा विद्यार्थीहरूको सामाजिक विकास मात्र होइन, सामान्य शिक्षा प्रदर्शनमा पनि सुधार ल्याउँछ ।[४] त्यसैले विशेष

---

[३] हेर्नुहोस् युनेस्कोको GEM Report summary on disabilities and education: https://www.unesco.org/gem-report/sites/default/files/medias/fichiers/2024/01/GAW2014-Facts-Figures-gmr_0.pdf.pdf

[४] हेर्नुहोस् युनेस्कोको Towards inclusion in education: status, trends and challenges: the UNESCO Salamanca Statement 25 years on: https://unesdoc.unesco.org/ark:/48223/pf0000374246

आवश्यकताका विद्यार्थीले मात्र होइन, सामान्य विद्यार्थीहरू पनि समावेशी कक्षाबाट लाभान्वित हुन्छन् ।

फिनल्याण्डले विश्वकै सबैभन्दा सफल शिक्षा प्रणालीको रूपमा समावेशी शिक्षा लागू गरेको छ । यहाँ सबै विद्यार्थीहरू एउटै कक्षामा पढ्छन् जसले सामाजिक एकता र सिकाइमा गुणस्तर वृद्धि गरेको छ ।[५] अन्तर्राष्ट्रिय विद्यार्थी मूल्यांकन (Programme for International Student Assessment – PISA) मा फिनल्याण्डले लगातार उच्च स्थान पाइरहेकोछ यसको प्रभावले गर्दा विद्यार्थीहरूको शिक्षा परिणाममा सुधार आएको छ । समावेशी शिक्षा सही तरिकाले लागू गर्दा सिकाइको गुणस्तरमा सुधार हुन्छ र सामाजिक स्वीकार्यता बढ्छ भन्ने उदाहरणहरू प्रशस्तै छन् ।

## ४ समावेशी शिक्षा भनेको सबैलाई एउटै तरिकाले पढाउनु हो ।

समावेशी शिक्षा हुनको लागि विद्यार्थीलाई समान व्यवहार गर्नुपर्ने भन्दै सबैले एउटै पाठ्यपुस्तक पढ्नुपर्छ, एउटै सिकाइ पद्धति प्रयोग गर्नुपर्छ भन्ने गलत बुझाइ छ ।

[५] हेर्नुहोस् Finnish National Board of Education को प्रतिवेदन: https://www.european-agency.org/sites/default/files/Inclusive-Education-in-Finland.pdf

वास्तवमा समावेशी शिक्षा भनेको विद्यार्थीका आवश्यकताअनुसार शैक्षिक पद्धति र रणनीति निर्माण परिवर्तन गर्नु हो न कि सबैलाई एउटै विधि थोपार्नु । समावेशी शिक्षाको मूल उद्देश्य नै प्रत्येक विद्यार्थीको व्यक्तिगत आवश्यकता, क्षमता र पृष्ठभूमिलाई बुझेर उनीहरूका लागि उपयुक्त सिकाइ वातावरण बनाउनु हो ।

एउटै उपाय वा तरिका सबैका लागि उपयुक्त हुदैनन् भन्ने सोचले समावेशी शिक्षाको वास्तविक भावनालाई गलत बुझाएको छ । खासमा यसको सट्टा यो सबैलाई विविध तरिकाहरू प्रयोग गर्नु हो । अर्थात् एउटै विषयवस्तु वा उद्देश्य भए पनि विद्यार्थीलाई त्यो सिकाइमा पुग्न विभिन्न माध्यम प्रयोग गरिन्छ । उदाहरणका लागि एकै कविता सबैले पढ्न सक्छन् तर कुनैले किताबबाट, कुनैले श्रवण (अडियो) बाट र कुनैले चित्रमार्फत गर्न सक्छन् । यस किसिमको लचकताले सबै विद्यार्थीलाई सक्रिय सिकाइमा सहभागी बनाउँछ ।

सिकाइको सर्वानुकुलित ढाँचा (Universal Design for Learning वा UDL) अनुसार एउटै विषयलाई धेरै तरिकाबाट प्रस्तुत गर्न सकिन्छ जस्तै पढेर, सुनेर, चित्रमार्फत वा अभ्यास गरेर । यसले सबै विद्यार्थीलाई आफ्नो सिकाइ शैली र सिकाइ क्षमता अनुसार सिक्न सहज बनाउँछ । सहायक प्रविधिका उपकरणहरू जस्तै दृष्टिविहीनका लागि ब्रेल वा स्क्रिन रिडर,

श्रवण समस्या भएकाका लागि श्रवण सहायक सामाग्री वा सांकेतिक भाषा, सिकाइमा समस्या भएका बालबालिकाका लागि प्रविधिमा आधारित खेल–खेलमै सिक्ने सामग्री र , पढ्न गाह्रो हुने विद्यार्थीका लागि प्रयोग गर्न अक्षरलाई आवाजमा बदल्ने सफ्टवेयर (Text-to-speech software) प्रयोग गर्न सकिन्छ । त्यसैगरी बोलीलाई अक्षरमा उतार्ने प्रविधि (Speech-to-text) लेख्न नसक्ने विद्यार्थीहरूका लागि दिन सकिन्छ ।

यसरी जब विद्यार्थीहरूलाई उनीहरूको आवश्यकता अनुसार शिक्षण सामग्री, मूल्यांकन विधि र सहयोग उपलब्ध गराइन्छ, उनीहरूको सिकाइमा गुणस्तरिय सुधार आउँछ । केवल एउटै उपकरण प्रयोग गर्नुले कतिपय विद्यार्थीलाई पछि पार्न सक्छ । त्यसैले समावेशी शिक्षा भनेको सबैलाई एउटै कुर्सीमा बसाल्नु होइन, सबैका लागि उपयुक्त सिट बनाउनु हो ।

विद्यालयहरूमा स्रोत शिक्षक, सहयोगी कर्मचारी र व्यक्तिगत शैक्षिक योजना (Individualized Education Plan) को व्यवस्था गरेर प्रत्येक विद्यार्थीको आवश्यकताअनुसार शिक्षा प्रदान गर्न सकिन्छ ।

उदाहरणको लागि पोर्चुगलले पनि प्रणालीगत सुधारबाट समावेशी शिक्षामा छलाङ मारेको छ । आफ्नो शिक्षा प्रणालीमा व्यापक सुधार गर्दै समावेशी शिक्षालाई

सफलतापूर्वक कार्यान्वयन गरेको छ । सन् २००८ पछि विशेष विद्यालयहरूलाई क्रमशः हटाउँदै सबै विद्यार्थीलाई सामान्य विद्यालयमा समावेश गर्न थालेको हो । विद्यालयहरूमा बहु-शाखीय सहयोग टोली (Multidisciplinary Support Teams) र सिकाइको सर्वानुकुलित ढाँचा अपनाइएको छ र फलस्वरूप पोर्चुगलमा ९८% भन्दा बढी अपाङ्गता भएका विद्यार्थीहरू मूलप्रवाहका विद्यालयमा अध्ययन गरिरहेका छन् ।[६] यसले उनीहरूको सामाजिक र शैक्षिक विकासमा सकारात्मक प्रभाव पारेको छ ।

## ५ समावेशी शिक्षा ग्रामीण भेगमा सम्भव छैन ।

स्रोतसाधनको कमी, प्रशिक्षित शिक्षकको अभाव र भौतिक पूर्वाधार कमजोर भएकाले ग्रामीण नेपालमा समावेशी शिक्षा कार्यान्वयन नै गर्न सकिँदैन भन्ने गलत धारणा व्यापक छ । अहिले पनि धेरैले सोच्ने गर्छन् कि समावेशी शिक्षा लागू गर्न विशेष संरचना, महँगो उपकरण वा ठूलो स्रोत चाहिन्छ, जुन ग्रामीण क्षेत्रमा सम्भव छैन ।

[६] सन् २०१८ मै यो संख्या ९८.८ प्रतिशत थियो । हेर्नुहोस्: OECD को प्रतिवेदन: https://www.oecd.org/content/dam/oecd/en/publications/reports/2022/03/ review-of-inclusive-education-in-portugal_e4f07e88/a9c95902-en.pdf, पृ. १६

तर वास्तवमा स्थानीय स्रोतहरूको उपयोग, सामुदायिक सहभागिता र सन्दर्भअनुकूल उपायहरूले समावेशी शिक्षा सम्भव हुन्छ । नेपालका ग्रामीण क्षेत्रहरूमा अझ धेरै बालबालिका शिक्षाको पहुँचभन्दा टाढा छन् । खासगरी यसभित्र पनि अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, मधेसी, मुस्लिम, थारूजस्ता समुदायका बालबालिका धेरैजसो शिक्षाको पहूँवभन्दा बाहिर छन् वा शिक्षामा सक्रिय रूपमा सहभागी हुन पाएका छैनन् । यिनलाई शिक्षामा ल्याउन समावेशी शिक्षा अत्यावश्यक हुन्छ किनभने यसले सबै प्रकारका विद्यार्थीहरूलाई एउटै कक्षामा समावेश गर्ने र उनीहरूको फरक आवश्यकता अनुसार सहयोग पुऱ्याउने अवसर दिन्छ ।

स्थानीय स्रोतको प्रयोग गरी गाउँमा पाइने स्थानीय सामग्री, चित्र, कलाकृति, खेलकुद, समुदायको ज्ञान आदिलाई शिक्षण–सिकाइमा प्रयोग गर्न सकिन्छ । यसले शिक्षामा अतिरिक्त लागत घटाउँछ र विद्यार्थीलाई अझै व्यवहारिक सिकाइ दिन्छ । साथै तालिम, अभिमुखीकरण र सचेतनाका कार्यक्रमहरूबाट गाउँका शिक्षकलाई पनि समावेशी विधि सिकाउन सकिन्छ र समावेशी शिक्षाको वातावरण विकास गर्न सकिन्छ ।

शिक्षाको सन्दर्भमा गाउँमा पनि सरल र प्रभावकारी उपाय अपनाउन सकिन्छ, जस्तै दृष्टिविहीनका लागि साथी विद्यार्थीले

पढेर सुनाउने, श्रवण समस्याका लागि शिक्षकले चित्र वा इशारा बढी प्रयोग गर्ने, साथै कमजोर आर्थिक पृष्ठभूमिका बालबालिकालाई नि:शुल्क पुस्तक वा सहयोगी सामग्री दिने । यी उपायहरू महँगा पनि हुदैनन् तर प्रभावकारी भने हुन्छन् ।

यसको साथै सबैभन्दा महत्वपूर्ण पक्ष भनेको राष्ट्रिय दायित्व पनि हो । नेपाल सरकारले समावेशी शिक्षासहितको राष्ट्रिय शिक्षा नीति ल्याइसकेको छ । यसअनुसार गाउँका विद्यालयमा पनि अन्तत: विशेष आवश्यकता भएका बालबालिकालाई शिक्षा दिन आवश्यक वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

## ६ समावेशी शिक्षा केवल शिक्षकको जिम्मेवारी हो ।

शिक्षकले नै सबै बालबालिकालाई बराबर ध्यान दिनुपर्छ र शिक्षकले नै विशेष आवश्यकता भएका विद्यार्थीका लागि छुट्टै सामग्री तयार गर्नुपर्छ वा शिक्षकले नै कक्षाकोठा समावेशी बनाउनुपर्छ भन्ने सोचाइ छ । यो गलत धारणा हो किनकी समावेशी शिक्षा एउटा सहकार्यात्मक प्रणाली हो जसमा विद्यालय, सरकार, समुदाय, अभिभावक र विद्यार्थी सबैको उत्तिकै भूमिका रहन्छ । समावेशी शिक्षा सफल हुनका लागि विद्यालयको भौतिक संरचना, शिक्षण सामग्री र सकारात्मक शैक्षिक वातावरण आवश्यक पर्छ । यी सबै कुरा शिक्षकको

नियन्त्रणमा मात्र हुँदैनन् । शिक्षक एक्लैले सबै आवश्यक स्रोत र सहयोग उपलब्ध गराउन पनि सक्दैनन् । शिक्षणलाई फरक–फरक विधिबाट प्रस्तुत गर्दा शिक्षकलाई पनि नयाँ अवसर र अनुभव प्राप्त हुन्छ तर शिक्षकलाई मात्र दोष दिएर वा जिम्मा दिएर सफलता सम्भव हुँदैन ।

विद्यालयले भौतिक संरचना सहज बनाउनुपर्छ जस्तै र्‍याम्प, शौचालय, प्रकाश, सिट व्यवस्था, आवश्यक शैक्षिक सामग्री । यो त आधारभूत आवश्यकता हो । युनिसेफ (२०२२) का अनुसार नेपालका करिब ६० प्रतिशत विद्यालयहरूमा अझै पूर्ण पहुँचयोग्य पूर्वाधार छैन जसले समावेशी शिक्षाको कार्यान्वियनमा बाधा पुर्‍याइरहेको छ ।[७]

यसका साथै समावेशी शिक्षाको लागि समुदाय र अभिभावकको भूमिका पनि महत्वपूर्ण हुन्छ। अभिभावकले आफ्ना बच्चालाई नियमित रूपमा विद्यालय पठाउनुपर्छ र यसका साथै घरमै पनि सिकाइको वातावरण बनाउनु पर्दछ । घरमा सिकाइ वातावरण नभएमा विद्यालयको प्रयास कमजोर पर्छ । अपाङ्गता भएका बालबालिकालाई समुदायले भेदभाव

---

[७] हेर्नुहोस् युनिसेफको सन् २०२२ को प्रतिवेदन: Safer and resilient education: The comprehensive School Safety Master Plan and its implementation for a resilient education sector:
https://www.unicef.org/nepal/media/19401/file/Comprehensive%20School%20Safety%20brief.pdf

कम नगरेसम्म विद्यार्थीमा आत्मविश्वास विकास गर्न कठिन हुन्छ । समुदायले पनि सहयोगी वातावरण बनाउनुपर्छ र छुटेका बालबालिकालाई सहयोग गर्नुपर्छ । घरमा समावेशीताको वातावरण सिर्जना गर्न सके विद्यालयमा शिक्षण गर्न सजिलो हुन्छ । त्यसैगरी सरकारले समावेशी शिक्षा नीतिहरू बनाउनुका साथै तालिम, शैक्षिक सामग्री तथा शिक्षक सहायक नियुक्त गर्न बजेट व्यवस्थापन गर्नुपर्छ ।

विद्यार्थीहरू बीच सहयोग, सहानुभूति र सहकार्यको भावना आवश्यक हुन्छ । साथीहरूबीच दौतरी सहयोग प्रणाली (peer education system) विकास हुँदा समावेशी शिक्षा अझै प्रभावकारी हुन्छ ।

यसरी हेर्दा शिक्षक मुख्य संवाहक हुन् तर उनीहरू एक्लै जिम्मेवार छैनन् । शिक्षकले अभिभावक, समुदाय र विद्यालय प्रशासनसँग मिलेर समन्वयकर्ताको रूपमा काम गर्छन् । नेपालका धेरै सरकारी विद्यालयमा विद्यार्थी–शिक्षक अनुपात अझै उच्च छ एक शिक्षकको मातहतमा ३० भन्दा बढी विद्यार्थी हुन्छन् । सबै विद्यार्थलाइ समान ध्यान् र हेरचाह गर्न पनि कठिन देखिन्छ । साथै अपाङ्गता भएका वा विशेष आवश्यकता भएका विद्यार्थीका लागि आवश्यक स्त्रोत र सामग्री पर्याप्त छैन र शिक्षकलाई दिइने समावेशी शिक्षासम्वन्धि तालिम पनि पर्याप्त छैनन् । शिक्षा मन्त्रालयका अनुसार नेपालका करिब ४५

प्रतिशत शिक्षकले मात्र समावेशी शिक्षा सम्बन्धी तालिम पाएका छन् । यसले देखाउँछ कि शिक्षकलाई पर्याप्त सहयोगको वातावरण बिना सबै विद्यार्थीलाई समेट्न सम्भव छैन ।[८]

## ७ विशेष आवश्यकता भएका विद्यार्थीहरु सामान्य विद्यालयमा आउदैनन् ।

धेरैलाई लाग्छ कि अपाङ्गता भएका वा सिकाइमा कठिनाइ भएका बालबालिका सामान्य विद्यालयहरुमा सिक्न सक्दैनन्, उनीहरुले अन्य विद्यार्थीलाई पछि पार्छन् र उनीहरुको लागि छुट्टै विशेष विद्यालय चाहिन्छ ।

वास्तवमा समावेशी शिक्षा नै त्यस कारण शुरु गरिएको हो कि विशेष आवश्यकता भएका बालबालिकाले पनि आफ्ना साथीसँगै एउटै कक्षामा पढ्न सकून् । आवश्यक सहयोग, प्राविधिक उपकरण, सहायक शिक्षक र वातावरण अनुकूलन हुन सके विशेष आवश्यकता भएका बालबालिकाहरुले सामान्य विद्यालयमै राम्रोसँग सिक्न सक्छन् ।

---

[८] हेर्नुहोस् Human Rights Watch को २०१८ को प्रतिवेदन: Nepal: Barriers to Inclusive Education: https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education । यो पनि हर्नुहोस् Teachers' Attitude Towards Inclusive Education in Nepal. *Interdisciplinary Research in Education*, *4*(2), 173–189. https://doi.org/10.3126/ire.v4i2.27933

विशेष आवश्यकता भएका बालबालिकाले सामान्य विद्यालयमा पढ्दा मात्र त्यसले साथीहरूसँग सामाजिक कौशल, सहकार्य र आत्मनिर्भरता सिक्न सहयोग पुर्‍याउँछ । सँगै पढ्ने वातावरण भयो भने अन्य विद्यार्थीहरूले पनि विविधतालाई स्वीकार गर्ने र सहानुभूति विकास गर्ने अवसर पाउँछन् ।

युनिसेफ (२०२२) र युनेस्को (२०२१) का अध्ययनहरू अनुसार समावेशी विद्यालयमा पढ्ने विद्यार्थीहरूको सामाजिक सीप, सहकार्य क्षमता र सहानुभूति उल्लेखनीय रूपमा बढेको पाइयो ।[१] यसले शिक्षाको गुणस्तर घटाउने होइन, बरु साझा सिकाइ वातावरणलाई मजबुत बनाउने प्रमाणित भएको छ ।

---

**८** समावेशी शिक्षा केवल नीति–निर्देशनमा मात्र हुन्छ, व्यवहारमा सम्भव हुँदैन ।

---

धेरैलाई लाग्छ सरकार वा अन्तर्राष्ट्रिय संस्थाले नीति बनाए पनि विद्यालयस्तरमा लागू गर्न सकिँदैन र समावेशी शिक्षा केवल अवधारणा मात्र हो । तर विभिन्न देशका विद्यालयहरूले

[१] हेर्नुहोस् युनेस्कोको Global Education Monitoring प्रतिवेदन: https://www.unesco.at/en/education/education-2030/global-education-monitoring-gem-report/gem21-22#:~:text=UNESCO%20calls%%2020for%20%20better%20oversight,Who%20loses?

समावेशी शिक्षा अभ्यास गरेर सफलता देखाएका छन् र नेपालमा पनि यसको शुरुवात भैसकेको छ । यसको लागि प्रतिबद्धता, तालिम, स्त्रोतको सदुपयोग र सहकार्य अनिवार्य हुन्छ ।

नेपालमै पनि विविध कठीनाईहरूबीच धेरै विद्यालयहरूले स्त्रोत कक्षाहरू सञ्चालन गरेका छन् । कतिपय स्थानीय तहहरूले विद्यालयमा र्‍याम्प, विशेष सामग्री र सहायक शिक्षकहरू उपलब्ध गराइरहेका छन् र कतिपय शिक्षकलाई समावेशी शिक्षाको तालिम दिन थालिएको छ । यसका साथै गैरसरकारी र निजी स्तरबाट पनि समावेशी शिक्षा व्यवहारमै ल्याउने प्रयास भइरहेको छ ।

## अन्त्यमा

---

यस पुस्तिकाले देखाएको छ कि समावेशी शिक्षा वरिपरिका भ्रम वा गलत मान्यताहरू केवल केवल मान्यता मात्र होइनन् । तिनीहरू अवरोधहरू पनि हुन् जसले शिक्षाको रुपान्तरण गर्न सक्ने क्षमतालाई खुम्च्याइदिन्छन् । जब समावेशीतालाई अवसरको सट्टा बोझको रूपमा हेरिन्छ, हाम्रा विद्यालयहरूले सहानुभूति, सिर्जनशीलता र साझा सिकाइको मौका गुमाउँछन् ।

समावेशी शिक्षा गन्तव्य होइन बरू एक रूपान्तरणको निरन्तर यात्रा हो । यसले हामीलाई हाम्रा विद्यालय र कक्षाकोठाहरू पुनः निर्माण गर्न, शिक्षण विधिलाई पुनः कल्पना गर्न र प्रत्येक सिकारुको क्षमतामा हामीलाई फेरि पनि विश्वास गर्न सघाउँछ ।

# सबै अट्ने शिक्षा

बालबालिकाको क्षमता, पहिचान वा पृष्ठभूमि जस्तोसुकै भए पनि समान अवसरसहित सिक्न पाउनु नै समावेशी शिक्षा हो । समावेशी शिक्षाले विद्यालयलाई केवल ज्ञान दिने ठाउँ मात्र नभई बालबालिकाबीचको विविधतालाई स्वीकार्ने, समतामा जोड दिने र सबैलाई सम्मानका साथ व्यवहार गर्ने स्थान बनाउँछ ।

Inclusive Education Nepal (समावेशी शिक्षा नेपाल) यही दृष्टिकोणलाई अघि बढाउँदै आएको एक गैरनाफामुलक संस्था हो । हामी विद्यालय, शिक्षक, अभिभावक, समुदाय र सरोकारवालासँग मिलेर समावेशी शिक्षण प्रणालीको प्रवर्द्धन गर्छौं जसबाट शिक्षाको प्रतिफलमा सबै बालबालिकाहरू समान रुपमा सहभागी हुन सक्षम बनून् । नेपालका विद्यालयहरूलाई सुरक्षित, समावेशी र सबै बालबालिकाको सपना पूरा गर्ने ठाउँमा रुपान्तरण गर्न सकौं, हाम्रो लक्ष्य यही हो ।

**INCLUSIVE EDUCATION NEPAL**

Gahanapokhari, Kathmandu, Nepal
**Tel:** +977 14500063
**Email:** programs@inclusiveeducationnepal.org
**Website:** www.inclusiveeducationnepal.org
**Facebook**: @InclusiveEducationNepal
**LinkedIn**: @InclusiveEducationNepal